# फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिका बैठक

आ.व. २०८०/८१ को बैठक संख्याः १२
मिति २०८०/१२/०७

फाल्गुनन्द गाउँपालिका गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ को दफा १० बमोजिम गाउँ कार्यपालिकाका अध्यक्ष श्री बृज हाङ आङदेम्बेज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बैठक बसि देहाय अनुसार निर्णयहरु गरियो।

तपशिलः

अध्यक्ष श्री बृज हाङ आङदेम्बे
उपाध्यक्ष श्री ठाकुर सिं नेम्बाङ
वडा अध्यक्ष श्री होम प्रसाद आङ्देम्बे
वडा अध्यक्ष श्री सन्तोष कुमार नेम्बाङ
वडा अध्यक्ष श्री दल बहादुर नेम्बाङ
वडा अध्यक्ष श्री विष्णु कुमार चेम्जोङ
वडा अध्यक्ष श्री नारायण प्रसाद आङदेम्बे
वडा अध्यक्ष श्री देउ कुमार आङदेम्बे
का.वा.वडा अध्यक्ष श्री धन कुमार तामाङ
सदस्य श्री विमला लिम्बू
सदस्य श्री आइतमायाँ लिम्बू
सदस्य श्री कमला पराजुली दुलाल
सदस्य श्री हर्कमायाँ नेपाली
सदस्य श्री टंक परियार
सदस्य श्री जसिमायाँ कमिनी
सदस्य-सचिव श्री निर्मल तुम्रोक

| | |
|---|---|
| प्रस्ताव नं. १. | अघिल्लो कार्यपालिकाको निर्णय समिक्षा सम्बन्धमा। |
| निर्णय नं. १. | मिति २०८० फागुन १३ गते बसेको अघिल्लो कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो। कार्यान्वयन हुन बाकी रहेका निर्णयहरुलाई तदारुकताका साथ कार्यान्वयन गर्न सबैले पहल गर्ने निर्णय गरियो। |
| प्रस्ताव नं. २. | प्रदेश समपुरक अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना प्रस्ताव सम्बन्धमा। |
| निर्णय नं. २. | प्रदेश सरकार आर्थिक मामिला तथा योजना कन्त्रालय, कोशी प्रदेश विराटनगरको मिति २०८०/११/३० च.नं. ५०६ को पत्रको व्यहोरा बैठकमा अवगत भयो। उक्त विषयमा प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दा ३ को उपदफा १ झ मा उल्लेख भएको व्यहोरा अनुसार आगामी आ.व. २०८१/८२ समपूरक अनुदान मार्फत सञ्चालन गरिने तपशिल बमोजिमको आयोजना छनौट गरी तोकिएको विद्युतीय प्रणालीमा प्रस्ताव पेश गर्ने निर्णय गरियो।<br><u>तपशिल:</u><br>१. गाउँपालिकाको प्रशासकीय भवन निर्माण, फाल्गुनन्द -५, पाँचथर। |
| प्रस्ताव नं. ३. | फाल्गुनन्द ५ को वडा कार्यालय निर्माण गर्न नपुग जग्गा अधिग्रहण सम्बन्धमा। |
| निर्णय नं. ३. | मिति २०८०/११/१३ गते बसेको कार्यपालिकाको निर्णय अनुसार तोकिएको प्रारम्भिक कारबाही चलाउने अधिकारी इन्जिनियर श्री अंकित कुमार निधिले जग्गा प्राप्ति ऐन, २०३४ को दफा ६ बमोजिम सुचना प्रकाशित गरी सरोकारवालाहरुसँग छलफल गरी जग्गा अधिग्रहणका लागि प्रारम्भिक कारबाहीको ठहर सहित पेश गरेको प्रतिवेदन बैठकमा जानकारी भयो। उक्त प्रतिवेदन अनुसार श्री हर्क सिं चेम्जोङको नाति सुभान सिं चेम्जोङको छोरा श्री घनेन्द्र चेम्जोङको नाममा दर्ता श्रेस्ता कायम रहेको साविक फाक्तेप गाविस वडा नं. ५ क कि.नं. १०२१ बाट गाउँपालिकालाई आवश्यक २-०-०-० रोपनी जग्गा, जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम अधिग्रहण गर्ने प्रकृया अगाडी बढाउने निर्णय गरियो। |
| प्रस्ताव नं. ४. | अनमी सुलोचना आङदेम्बेको असाधारण विदा स्विकृत गर्ने सम्बन्धमा। |
| निर्णय नं. ४. | फाल्गुनन्द गाउँपालिका वडा नं. १ को स्वास्थ्य चौकी नवमीडाँडामा कार्यरत अनमी, सहायक पाँचौ सुलोचना आङदेम्बेले पारिवारिक समस्याका कारण स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १२१ बमोजिम असाधारण विदा पाउँ भनि मिति २०८०/११/२० गते दिएको निवेदन सम्बन्धमा बैठकमा जानकारी भयो। उक्त सम्बन्धमा ऐनको दफा १२१ बमोजिम पेश भएको निवेदन मनासिव ठहर गरी गाउँपालिका अध्यक्षस्तरीय निर्णयबाट मिति २०८०/११/२२ गते पुर्व स्विकृती समेत भएकोले ऐनको दफा १२४ को उपदफा क बमोजिम मिति २०८०/१२/८ गते देखि लागु हुनेगरी १ वर्ष अर्थात मिति २०८१/१२/७ गते सम्म असाधारण विदा स्विकृत गर्ने निर्णय गरियो। |
| प्रस्ताव नं. ५. | साना सिंचाइ आयोजना सञ्चालन निर्देशिका, २०८० स्विकृत गर्ने सम्बन्धमा। |
| निर्णय नं. ५. | फाल्गुनन्द गाउँपालिकाको साना सिंचाइ आयोजना सञ्चालन निर्देशिका, २०८० लाई स्विकृत गर्ने निर्णय गरियो। |

| | |
|---|---|
| प्रस्ताव नं.६. | ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि, २०८० स्विकृत गर्ने सम्बन्धमा। |
| निर्णय नं.६. | फाल्गुनन्द गाउँपालिकाको ज्येष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धी कार्यविधि, २०८० लाई स्विकृत गर्ने निर्णय गरियो। |
| प्रस्ताव नं.७. | सामुदायिक स्वास्थ्य इकाई, फाल्गुनन्द गाउँपालिका वडा नं. ६ र ७ को जग्गा प्राप्ति सम्बन्धमा। |
| निर्णय नं.७. | फाल्गुनन्द गाउँपालिका वडा नं. ६ र ७ को वसाँगुमा सामुदायिक स्वास्थ्य इकाई निर्माणको लागि कोशी प्रदेशबाट बजेट विनियोजन भएको व्यहोरा बैठकमा जानकारी भयो। उक्त इकाई निर्माण गर्नका लागि आवश्यक जग्गा गाउँपालिकाको नाममा प्राप्ति गर्नु पर्ने भएकोले वडा नं. ६ को स्वास्थ्य चौकी व्यवस्थापन समिति र वडा कार्यालयबाट मिति २०८०/१२/७ गते वसाँगु बजार देखि माङजाबुङ जाने सडक छुनेगरी ३०० मिटर दुरी भित्रमा निशूल्क जग्गा प्राप्तिको लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ बमोजिम १५ दिने सार्वजानिक सूचना प्रकाशन गर्ने निर्णय गरियो। |
| प्रस्ताव नं.८. | आगोलागीबाट क्षति पुगेका घर परिवारलाई आर्थिक सहायता/राहत वितरण सम्बन्धमा। |
| निर्णय नं.८. | फाल्गुनन्द गाउँपालिका वडा नं. ५ घुर्विसे पञ्चमी बजारमा मिति २०८०/१२/४ गते राती भएको आगोलागीबाट पूर्ण क्षति भएको तपशिल बमोजिमको घरधनीहरुलाई प्रकोप व्यवस्थापन कोषबाट देहाय बमोजिम आर्थिक सहायता/राहत उपलब्ध गराउने निर्णय गरियो।<br>तपशिलः<br>१. अम्बिका प्रसाद सापकोटा रु ३००००।-<br>२. श्री नारायण भट्टराई रु ३००००।-<br>३. कविन्द्र प्रसाद लावती रु ३००००।-<br>४. गोपेन्द्र प्रसाद रिजाल रु ३००००।- |
| प्रस्ताव नं.९. | घर पुन निर्माणको लागि सिफारिस गर्ने सम्बन्धमा। |
| निर्णय नं.९. | फाल्गुनन्द गाउँपालिका वडा नं. ५ घुर्विसे पञ्चमी बजारमा मिति २०८०/१२/४ गते राती भएको आगोलागीबाट पूर्ण क्षति भएको तपशिल बमोजिमको घरधनीहरुलाई लाभग्राहीको रुपमा सूचिकृत गर्ने र पूर्ण क्षति भएको घर पुन निर्माणको लागि जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने निर्णय गरियो।<br>तपशिलः<br>१. अम्बिका प्रसाद सापकोटा, फाल्गुनन्द-५<br>२. श्री नारायण भट्टराई, फाल्गुनन्द-५<br>३. कविन्द्र प्रसाद लावती, फाल्गुनन्द-५<br>४. गोपेन्द्र प्रसाद रिजाल, फाल्गुनन्द-५ |
| प्रस्ताव नं.१०. | फाल्गुनन्द-१ स्थित तिजोक युवा क्लव लाई आर्थिक सहायता सम्बन्धमा । |
| निर्णय नं.१०. | फाल्गुनन्द गाउँपालिका वडा नं.-१ नवमीडांडामा नयाँ वर्षको अवसरमा सञ्चालन हुने खेलकुद प्रतियोगिता तथा अन्य कार्यक्रम संचालनको लागि रु. १,५०,०००।०० (अक्षरेपी एकलाख पचास हजार रुपैया मात्र) गाउँपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो । |
| प्रस्ताव नं.११. | युवा रोजगारीको लागि रुपाण्तरण पहल आयोजनाको बजेट बाँडफाट सम्बन्धमा। |

| | |
|---|---|
| निर्णय नं.११. | आईडिए अन्तर्गत युवारुपको लागि प्राप्त भएको सशर्त अनुदानलाई ७ वटै वडामा भएको सुचिकृत श्रमिकहरु प्राथमिकताको आधारमा देहाय वमोजिम ३६ जनालाई न्यूनतम १०० दिनको रोजगारी सिर्जना गर्ने उद्धेशले यस स्थानीय तहलाई प्राप्त भएको अनुदान रकम बाँडफाट गरियो ।<br>देहायः<br>१. वडा नं.-१, नवमीडांडा रु. ३,३४,०००।००<br>२. वडा नं.-२, इम्बुङ रु. १,३३,६००।००<br>३. वडा नं.-३, पौवासारताप रु. २,६७,२००।००<br>४. वडा नं.-४, चिलिङदिन रु. १,३३,६००।००<br>५. वडा नं.-५, फाक्तेप रु. २,६७,२००।००<br>६. वडा नं.-६, मेहेलबोटे आङसराङ रु. २,६७,२००।००<br>७. वडा नं.-७, पिपलबोटे आङसराङ रु. १,३३,२००।००<br>८. गाउँपालिका स्तरीय योजना रु. ८,६८,४००।००<br>कुल जम्मा रकम रु. २४,०४,८००।०० |
| प्रस्ताव नं.१२. | स्वास्थ्य विमा सम्बन्धमा । |
| निर्णय नं.१२. | फाल्गुनन्द गाउँपालिकाले नागरिकहरुको लागि निशुल्क स्वास्थ्य विमा गर्ने नीति तथा कार्यक्रम अनुसार आ. व. २०८०/०८१ मा ३० जना नागरिकहरुको लागि फाल्गुनन्द-६ र ७ नं. वडाबाट निशुल्क स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गर्ने निर्णय पारित गरियो । |
| प्रस्ताव नं.१३. | सवारी साधन भाडा खर्च उपलब्ध गराउने सम्बन्धमा । |
| निर्णय नं.१३. | फाल्गुनन्द गाउँपालिका वडा नं.-५ का भिम लिम्बू मानसिक गुमाइ गाउँ तथा बजारमा हात हतियार सहित घुफिर गर्ने गरेकोले जोखिम बढेको कारण निजलाई थप उपचारमा पठाउन धरान स्थित विपि कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सुरक्षाकर्मी सहित उपचारको लागि जाने क्रममा उपचारको क्रममा भएको खर्च रकम घरयासी आर्थिक स्थिती कमजोर भएकोले आर्थिक सहायता उपलब्ध गराई पाउँ भनी पेश गरेको निवेदन र संलग्न कागजात समेतको आधारमा निजलाई उपचार गर्नको लागि अस्पताल सम्म जान आउन लागेको सवारी साधन भाडा खर्च सहयोगार्थ गाउँपालिकाको आकस्मिक कोषबाट रु. ३०,०००।०० (अक्षरेपी तीसहजार रुपैंया मात्र) उपलब्ध गराउने निर्णय गरियो । |
| प्रस्ताव नं.१४. | गाउँपालिकाको प्रशासकीय भवनको DPR / लागत अनुमान स्विकृत गर्ने सम्बन्धमा। |
| निर्णय नं.१४. | गाउँपालिकाको प्रशासकीय भवनको DPR/लागत अनुमान सम्बन्धी विस्तृत Drawing तथा Design र कुल लागत अनुमानको सम्बन्धमा बैठकमा इन्जिनियर अंकित कुमार निधि र सब इन्जिनियर ऋषि तुम्ब्रोकबाट प्रस्तुतिकरण भयो। प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम राप तृतीय श्रेणीको प्रगुख प्रशासकीय अधिकृतले रु ५ करोड सम्मको मात्र लागत अनुमान स्विकृत गर्न सक्ने कानूनी व्यवस्था रहेकोले गाउँकार्यपालिकाको बैठकमा पेश हुन आएको गाउँपालिकाको प्रशासकीय भवनको DPR/लागत अनुमान माथि व्यापक छलफल गरी तपशिल बमोझिम Abstract of Cost सहित DPR स्विकृत गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो। |